नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

**पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर**

# सोलार ड्रायर खरिद को लागि सिलवन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७४।०७।०८)

सुचना नं. १/०७४/०७५

१. पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर ले योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रकिया अन्तर्गत, सोलार ड्रायर खरिद गर्न यो सिलबन्दी बोलपत्र आव्हान गर्दछ

२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:

(पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर टेलिफोन नं. ०१५५२११५१ फ्याक्स नं.०१५५५०२२६ र इमेल postharvestnepal@gmail.com, website:www.phmd.gov.np

३ योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर बाट मिति २०७४।०८।०७ गते कार्यलय समय भित्र रु.१०को टिकट टांसी लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र,,मु.अ.कर दर्ता प्रमाण पत्र,स्थायी लेखा नं.,आ.व.२०७३/०७४को कर चुक्ता प्रमाणपत्र वा म्यादथप को प्रमाणित प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु ३०००।(फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी गरिएको बोलपत्र पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर मा मिति २०७४।०८।०८गते १२.०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन ।

५. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर मा २०७४।०८।०८ गते दिनको २.०० बजे खोलिने छ । बोलपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ९० दिन दिन सम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ रु.७१०००।.(अक्षरुपी रु एकहत्तर हजार) को.ले.नि.का,ललितपुर को नाममा रहेको ने.वैं.लि.गावहाल,ललितपुर स्थित **धरौटी खाता नं. ०१८०२०००००००३०००५१ ख- ३** धरौटी खातामा (यस निर्देशनालयको कार्यालय **कोड नं. २८-३१२-३८** उल्लेख गरि) नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा यस निर्देशनालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंक बाट जारी गरिएको सो रकम बराबरको बोलपत्र जमानत बापत पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा ३० दिन बढीको हुनु पर्नेछ ।

६.वोलपत्रदाता आफैले तोकिएको स्पेसिफिकेसन अनुसारको मालसामान (सोलार ड्रायर) थान २० निम्न जिल्लाहरुको जिल्ला कृषि विकास कार्यालयहरु सम्म निम्नानुसारको संख्यामा ढुवानी गर्नु पर्ने छ ।

**(काठमाडौं ६ थान,मकवानपुर ३ थान रुपन्देही २ थान, वाजुरा २ थान, झापा २ थान,काभ्रे २ थान, अर्घाखांची १ थान, स्याङ्गजा २ थान ।)**

**७.** रीत नपुगी,म्याद नाघि वा कुनै शर्त राखि पेश हुन आएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन् ।

८. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिक कै मिति देखि गणना गरिने छ ।

९. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय संबन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणा पेश गर्नु पर्ने छ ।

१०. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

११.यस सूचनामा उल्लेख भएका बुंदाहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका को हकमा नेपाल सरकार को सार्वजनिक खरिद ऐन २०६३,नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुने छ ।